मिति २०७८ साल कार्तिक २९ गते बसेको कार्यपालिका बैठकबाट नगरसभामा निर्णयार्थ पेश भएका प्रस्तावहरु;

नगर कार्यपालिका वैठकको निर्णयबाट सिफारिस भई आएका देहायका प्रस्तावहरुलाई नगर सभाको दशौं अधिवेशनमा पेश गर्दछु ।

प्रस्ताव नं. १

विधायन समिति तथा नगर कार्यपालिका वैठकमा छलफल भई सिफारिस भएका देहाय बमोजिमका ऐन तथा कार्यविधिमा भएको संशोधन तथा कार्यविधि स्वीकृत गर्ने प्रस्ताव पेश गर्दछु ।

तपसिल

१. सहकारी ऐन, २०७७ को तेस्रो संशोधन विधेयक, २०७८
२. मेलम्ची नगरपालिकाको लेखा समिति कार्य सम्पादन कार्यविधि, २०७८

प्रस्ताव नं. २

नगर कार्यपालिकाबाट सिफारिस भई आएका देहाय बमोजिमका योजनाहरु निर्माण गर्नका लागि संघीय मन्त्रालय, प्रदेश मन्त्रालय एव् सम्बन्धित निकायमा सिफारिस गर्न प्रस्ताव गर्दछु ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | ठेगाना |
|---|---|---|
| १ | फलामे शहरेफाँट ईन्द्रावती नदी नियन्त्रण | मेलम्ची न.पा. १० |
| २ | तालामाराङ मेलम्ची बाहुनेपाटी सिपाघाट नदी नियन्त्रण | मेलम्ची न.पा. |
| ३ | मेलम्ची तालामाराङ सडक स्तरोन्नती | मेलम्ची न.पा. ६ र ११ |
| ४ | मेलम्ची खाल्डे मोटर बाटो स्तरोन्नती | मेलम्ची न.पा. ९ र १० |
| ५ | सिपाघाट एक्लेबेसी सडक खण्डको रातो पहिरो नियन्त्रण | मेलम्ची न.पा. १३ |
| ६ | काफ्लेखोला ईन्द्रावती नदी नियन्त्रण | मेलम्ची न.पा. ९ र १० |
| ७ | अँधेरी खोल्सा पहिरो नियन्त्रण | मेलम्ची न.पा. १० |
| ८ | महादेवखोला ढापचौर झोलुङ्गे पुल निर्माण | मेलम्ची न.पा. १ |
| ९ | मेलम्ची पुरानो बजार झोलुङ्गे पुल निर्माण | मेलम्ची न.पा. ११ |
| १० | खोप तथा गाउँघर क्लिनिक भवन निर्माण | मेलम्ची न.पा. १० |

प्रस्ताव नं. ३

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंबाट मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको नगर अस्पतालमा स्तरोन्नती गरी सूचिकृत भैसकेको हुँदा उक्त प्राथमिक स्वास्थ्य केन्द्रलाई मेलम्ची नगर अस्पतालको रुपमा संचालन गर्ने निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. ४ :

चालु आ.व. २०७८/०७९ मा मेलम्ची नगरपालिका क्षेत्र भित्र अस्थायी घर, टहराको नक्शा पास तथा निर्माण स्वीकृति प्रदान गर्दा लाग्ने सेवा, शुल्क, दस्तुर निशुल्क गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. ५

मिति २०७८ साल असार १ गते र त्यसपछि ईन्द्रावती तथा मेलम्ची नदीमा आएको बाढीबाट प्रभावित "क" वर्गमा पर्ने बाढीपीडित व्यक्तिहरुको नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी लालपूर्जाको प्रमाणपत्र, जन्म दर्ता प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्र लगायतका घटना दर्तासंग सम्बन्धित कागजातहरु क्षति भई पुन: सोको प्रतिलिपि लिनका लागि सिफारिसमा लाग्ने सम्पूर्ण राजस्व छुट दिन निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. ६

श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति मार्फत सिफारिस भएको संशोधित आयको अनुमान र बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा नगर कार्यपालिकाबाट सिफारिस भएका अनुसूचीमा उल्लिखित योजनाहरु स्वीकृत गर्न निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. ७
मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीबाट मेलम्ची नगरपालिका वडा नं. १२
बाहुनेपाटी स्थित पक्की मोटर पुलमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थहरु थुप्रिएर पक्की मोटर पुल जोखिमयुक्त अवस्था
रहेको हुँदा उक्त पुलको ५०० मिटर क्षेत्रमा थुप्रिएको नदीजन्य पदार्थ उत्खनन् गरी हटाउँन स्वीकृतिको लागि जिल्ला विपद् व्यवस्थापन
समितिमा सिफारिस गर्न निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. ८
मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीबाट नदीको बहाब परिवर्तन भई मेलम्ची
नगरपालिका भित्रका विभिन्न खण्डहरुमा कटान गरेको र उक्त कटानबाट सडक राजमार्गहरु समेत जोखिमपूर्ण अवस्थामा रहेकोले
साविककै स्थानबाट नदीको धार परिवर्तन गर्न आवश्यक निर्णयको लागि जिल्ला समन्वय समिति र जिल्ला विपद् व्यवस्थापन समिति,
सिन्धुपाल्चोकमा सिफारिस गर्न निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. ९
मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढी पहिरो नियन्त्रण सम्बन्धी कार्य, राहत
व्यवस्थापन लगायतका तत्कालिन विपद्का कार्यमा कार्यपालिकाबाट निर्णय भई गरिएका सबै खर्चहरु अनुमोदन गर्ने निर्णयार्थ प्रस्तुत
गर्दछु ।

प्रस्ताव नं. १०
मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीपहिरोबाट मेलम्ची नगरपालिका भित्र
निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरुमा भएको क्षतिको अध्ययन गर्न गठित कार्यदलको सिफारिस तथा नगर कार्यपालिकाको
निर्णय बमोजिम उक्त क्षतिग्रस्त आयोजनाहरुमा गरिएको भुक्तानी अनुमोदन गर्न निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. ११
विभिन्न मितिमा नगर कार्यपालिका, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट गरिएका खर्च भुक्तानीलाई
अनुमोदन गर्न निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. १२
मेलम्ची नगरपालिकाको ९ औं नगर सभाबाट मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषमा विनियोजित रकम रु. ४ करोड ५०
लाख मेलम्ची बाढी पहिरोबाट प्रभावित लाभग्राहीहरुको आवास पुनर्निर्माणमा नगरपालिकाले बेहोर्नुपर्ने साझेदारी दायित्वमा खर्च गर्ने
गरी मेलम्ची नगरस्तरीय विपद् व्यवस्थापन कोषमा सार्न निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. १३
मेलम्ची नगरपालिका भित्र संचालित देहाय बमोजिमका आयोजनाहरु निर्माणको क्रममा प्राविधिक लागत इष्टिमेट बमोजिम नपुग रकम
कार्यपालिकाको निर्णय अनुसार गत आ.व. २०७७/०७८ को अ.ल्या शिषर्कको आन्तरिक श्रोतबाट व्यवस्थापन गरी ठेक्का आव्हान
गरिएकोमा विनियोजन गरिएको थप रकम अनुमोदन गर्न निर्णयार्थ पेश गर्दछु ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | विनियोजित बजेट रु. | ठेक्का आव्हान भएको रकम रु. | श्रोत व्यवस्थापन गर्नुपर्ने रकम रु. | श्रोत व्यवस्थापन शिर्षक |
|---|---|---|---|---|---|
| १ | Landscaping works at Melamchi ward no 5 office building . | २००००००।– | २४५७९६०।६० | ४५७९६०।६० | आन्तरिक अ.ल्या. |
| २ | धौले मन्दिर, सत्तल, द्धार निर्माण, Landscaping र खानेपानोको कार्य। | ७००००००।– | ११५३४४८७।३१ | ४५३४३८७।३१ | पर्यटन प्रवर्द्धन कोष |
| ३ | ओखरेनीचौर धौले धुसेनीचौर | २०००००००।– | २१९३४२१४।८० | ९९३४२१४।८० | आन्तरिक अ.ल्या. |

| | | | | | |
|---|---|---|---|---|---|
| | सडक | | | | |
| ४ | वडा नं. ३ को वडा कार्याल भवन निर्माण | १५१०००००।– | २३२१५८५०।– | ८११५८५०।– | आन्तरिक अ.ल्या. |
| ५ | गुफा चांखु सडक निर्माण | २००००००००।– | ३१६३३१५५।१६ | ११६३३१५५।१६ | आन्तरिक अ.ल्या. |
| ६ | दंगाल भोट भोटेडाँडा ठूलो खोला सडक निर्माण | २९५००००।– | ३२४२९५५।५५ | २९२९२५।५५ | आन्तरिक अ.ल्या. |
| ७ | टार छरुवा सिंचाई योजना | ३००००००।– | ३६०५०००।४० | ६०५०००।४० | आन्तरिक अ.ल्या. |
| ८ | मानेभञ्ज्याङ्ग धुसेनीचौर सडक | ४००००००।– | ६२१६४६९।३२ | २२१६४६९।३२ | आन्तरिक अ.ल्या. |
| ९ | भुमेस्थान जानी सडक निर्माण | ३००००००।– | ३५३१७४५।४८ | ५३१७४५।४८ | आन्तरिक अ.ल्या. |
| १० | गोदाम घर निर्माण दोश्रो चरण | ४००००००।– | ६८०७९५९।९७ | २८०७९५९।९७ | आन्तरिक अ.ल्या. |
| ११ | Guard House at Gufa Danda | १२०००००।– | १६१२९१४।०२ | ४१२९१४।०२ | आन्तरिक अ.ल्या. |
| १२ | भदौरे धुसेनी मानेभञ्ज्याङ सडक सतरोन्नती | २००००००००।– | ३०६०५७८१।५३ | १०६०५७८१।५३ | आन्तरिक अ.ल्या. |

प्रस्ताव नं. १४

मेलम्ची नगरपालिका स्थापना हुनु भन्दा अगाडि र पछाडि नियमानुसार नक्सा पास नगरीकन निर्माण गरिएका घरहरुको अभिलेखिकरण गर्नको लागि नगर कार्यपालिकाको निर्णय बमोजिम मिति २०७८ कार्तिक मसान्तसम्म समय तोकिएकोमा उक्त निर्णयलाई अनुमोदन गर्दै उक्त कार्य गर्नको लागि मिति २०७९ असार मसान्तसम्म समय थप गर्न निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. १५

मेलम्ची नगरपालिकाको ९ औं नगर सभाबाट मेलम्ची नगरपालिका भित्रका ६० वर्ष माथिका एकल पुरुषहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने नीतिगत निर्णय गरिएकोमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट संघीय कानूनले निर्देशित गरिएको लक्षित समूह बाहेक अन्य व्यक्तिहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गर्न नसकिने व्यहोरा लेखि आएको हुँदा नगर सभाबाट गरिएको उक्त नीतिगत व्यवस्था बदर गर्न निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. १६

नगरपालिका भित्रका आम नागरिकहरुलाई सहज र शुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने क्रममा यस नगरपालिकाले सबै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवामा गर्भवती तथा सुत्केरी महिलाहरुको लागि क्याल्सियम चक्की वितरण, गर्भवती महिलाहरुको पिसाब जाँच सेवा र सम्पूर्ण बिरामीहरुको लागि टि.टी. खोप निशुल्क रुपमा उपलब्ध गराउन र उक्त कार्यक्रमको लागि आवश्यक पर्ने बजेट यसै नगर सभाबाट विनियोजन गर्न प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १७

ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समितिबाट चालु आर्थिक वर्षमा यस नगरपालिका क्षेत्रभित्र संचालन गर्ने गरी स्वीकृतको लागि पेश भएको रु २,०१,०००००।–(अक्षेरपी दुई करोड एक लाख रुपैया मात्र) को बार्षिक बजेट तथा कार्यक्रम संचालनको लागि स्वीकृति प्रदान गर्न निर्णयार्थ पेश गर्दछु ।

प्रस्ताव नं. १८

मेलम्ची नगरपालिका भित्रको इन्द्रावती तथा मेलम्ची नदीबाट उत्खनन गरी बिक्री हुने ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थहरुको बिक्रीबाट प्राप्त हुने आन्तरिक राजश्व रकममध्ये बागमती प्रदेश सरकारलाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने ४० प्रतिशतले हुन आउने रकम मेलम्ची र इन्द्रावती खोलामा मिति २०७८ साल असार १ गते र सो पश्चातका आएको विध्वशंकारी बाढीबाट क्षति भएका सार्वजनिक संरचनाहरुको पूनर्निर्माण गर्नुपर्ने विशेष परिस्थिति सिर्जना भएकाले चालु आर्थिक वर्ष २०७८/०७९ को लागि उक्त रकम बुझाउनु नपर्ने गरी आवश्यक निर्णय गर्न बागमती प्रदेश सरकारलाई अनुरोध गर्न प्रस्ताव गर्दछु ।

प्रस्ताव नं. १९

मेलम्ची नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रम संचालनको क्रममा कुनै संशोधन गर्नुपर्ने भएमा संशोधनको कार्य गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्न प्रस्ताव गर्दछु ।

प्रस्ताव नं २०

राष्ट्रिय आदीवासी जनजाती महिला महासंघद्धारा यस नगरपालिका भित्र चालु आर्थिक वर्षमा संचालन गर्ने गरी पेश भएको कार्यक्रम स्वीकृतको लागि प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं २१

नगर-नगर साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं महानगरपालिकासँग मेलम्ची वडा नं १ र २ भोटेचौर एकीकृत पर्यटन पूर्वाधार विकास कार्यक्रमको लागी यस नगरपालिकामा आएको विध्वंशकारी बाढीबाट क्षति भएका सार्वजनिक संरचनाहरुको पूर्ननिर्माण गर्नुपर्ने अवस्था सिर्जना भएको र नगरपालिकासँग सीमित श्रोत रहेको हुँदा मेलम्ची वडा नं १ भोटेचौर एकीकृत पर्यटन पूर्वाधार विकास कार्यक्रमको लागी यस नगरपालिकाको पर्यटन पूर्वाधार विकास कोषमा रहेको रकमबाट न्यूनतम रु १ करोड र काठमाडौं महानगरपालिकाको अधिकतम साझेदारी रहने गरी कार्यक्रमको स्वीकृतीको लागि काठमाडौं महानगरपालिकालाई अनुरोध गर्न प्रस्ताव पेश गर्दछु ।

२०७८/०८/०२

<u>मिति २०७८ साल मंसिर १ गतेको नगर सभाका निर्णयहरु</u>

नगर कार्यपालिका वैठककको निर्णयबाट सिफारिस भई आएका देहायका निर्णयहरुलाई नगर सभाको दशौं अधिवेशनबाट सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. १</u>

विधायन समिति तथा नगर कार्यपालिका वैठकमा छलफल भई सिफारिस भएका अनुसूचीमा उल्लिखित देहाय बमोजिमका ऐन तथा कार्यविधि संशोधन तथा स्वीकृत गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१. मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८
२. लेखा समितिको कार्य सम्पादन सम्बन्धी कार्यविधि, २०७८
३. मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक, २०७८
४. मेलम्ची नगरपालिकाको विनियोजन ऐन, २०७८ को संशोधन विधेयक, २०७८

<u>निर्णय नं. २</u>

नगर कार्यपालिकाबाट सिफारिस भई आएका देहाय बमोजिमका योजनाहरु निर्माण गर्नका लागि संघीय मन्त्रालय, प्रदेश मन्त्रालय एव् सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | योजनाको विवरण | ठेगाना |
|---|---|---|
| १ | फलामे शहरेफाँट ईन्द्रावती नदी नियन्त्रण | मेलम्ची न.पा. १० |
| २ | तालामाराङ मेलम्ची बाहुनेपाटी सिपाघाट नदी नियन्त्रण | मेलम्ची न.पा. |
| ३ | मेलम्ची तालामाराङ सडक स्तरोन्नती | मेलम्ची न.पा. ६ र ११ |
| ४ | मेलम्ची खाल्डे मोटर बाटो स्तरोन्नती | मेलम्ची न.पा. ९ र १० |
| ५ | सिपाघाट एक्लेबेसी सडक खण्डको रातो पहिरो नियन्त्रण | मेलम्ची न.पा. १३ |
| ६ | काफ्लेखोला ईन्द्रावती नदी नियन्त्रण | मेलम्ची न.पा. ९ र १० |
| ७ | अँधेरी खोल्सा पहिरो नियन्त्रण | मेलम्ची न.पा. १० |
| ८ | महादेवखोला ढापचौर झोलुङ्गे पुल निर्माण | मेलम्ची न.पा. १ |
| ९ | मेलम्ची पुरानो बजार झोलुङ्गे पुल निर्माण | मेलम्ची न.पा. ११ |
| १० | खोप तथा गाउँघर क्लिनिक भवन निर्माण | मेलम्ची न.पा. १० |

<u>निर्णय नं. ३</u>

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंबाट मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको नगर अस्पतालमा स्तरोन्नती गरी सूचिकृत भैसकेको हुँदा उक्त प्राथमिक स्वास्थ्य केन्द्रलाई मेलम्ची नगर अस्पतालको रुपमा संचालन गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ४</u>

चालु आ.व. २०७८/०७९ मा मेलम्ची नगरपालिका क्षेत्र भित्र अस्थायी घर, टहराको नक्शा पास तथा निर्माण स्वीकृति प्रदान गर्दा लाग्ने सेवा, शुल्क, दस्तुर निशुल्क गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ५</u>

मिति २०७८ साल असार १ गते र त्यसपछि ईन्द्रावती तथा मेलम्ची नदीमा आएको बाढीबाट प्रभावित "क" वर्गमा पर्ने बाढीपीडित व्यक्तिहरुको नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी लालपूर्जाको प्रमाणपत्र, जन्म दर्ता प्रमाणपत्र, मृत्युदर्ता प्रमाणपत्र लगायतका घटना दर्तासंग सम्बन्धित कागजातहरु क्षति भई पुन: सोको प्रतिलिपि लिनका लागि सिफारिसमा लाग्ने सम्पूर्ण राजस्व छुट दिने निर्णय गरियो।

निर्णय नं. ६

श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति मार्फत सिफारिस भएको संशोधित आयको अनुमान र बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा नगर कार्यपालिकाबाट सिफारिस भएका अनुसूचीमा उल्लिखित योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीबाट मेलम्ची नगरपालिका वडा नं. १२ बाहुनेपाटी स्थित पक्की मोटर पुलमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थहरु थुप्रिएर पक्की मोटर पुल जोखिमयुक्त अवस्था रहेको हुँदा उक्त पुलको ५०० मिटर क्षेत्रमा थुप्रिएको नदीजन्य पदार्थ उत्खनन् गरी हटाउँन स्वीकृतिको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीबाट नदीको बहाब परिवर्तन भई मेलम्ची नगरपालिका भित्रका विभिन्न खण्डहरुमा कटान गरेको र उक्त कटानबाट सडक राजमार्गहरु समेत जोखिमपूर्ण अवस्थामा रहेकोले साविककै स्थानबाट नदीको धार परिवर्तन गर्न आवश्यक निर्णयको लागि जिल्ला समन्वय समिति र जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोकमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढी पहिरो नियन्त्रण सम्बन्धी कार्य, राहत व्यवस्थापन लगायतका तत्कालिन विपदका कार्यमा कार्यपालिकाबाट निर्णय भई गरिएका सबै खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीपहिरोबाट मेलम्ची नगरपालिका भित्र निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरुमा भएको क्षतिको अध्ययन गर्न गठित कार्यदलको सिफारिस तथा नगर कार्यपालिकाको निर्णय बमोजिम उक्त क्षतिग्रस्त आयोजनाहरुमा गरिएको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

विभिन्न मितिमा नगर कार्यपालिका, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट गरिएका खर्च भुक्तानीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

मेलम्ची नगरपालिकाको ९ औं नगर सभाबाट मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषमा विनियोजित रकम रु. ४ करोड ५० लाख मेलम्ची बाढी पहिरोबाट प्रभावित लाभग्राहीहरुको आवास पुनर्निर्माणमा नगरपालिकाले बेहोर्नुपर्ने साझेदारी दायित्वमा खर्च गर्ने गरी मेलम्ची नगरस्तरीय विपद् व्यवस्थापन कोषमा सार्ने निर्णय गरियो ।

निर्णय नं. १३

मेलम्ची नगरपालिका भित्र संचालित देहाय बमोजिमका आयोजनाहरु निर्माणको क्रममा प्राविधिक लागत इष्टिमेट बमोजिम नपुग रकम कार्यपालिकाको निर्णय अनुसार गत आ.व. २०७७/०७८ को अ.ल्या शिषर्कको आन्तरिक श्रोतबाट व्यवस्थापन गरी ठेक्का आव्हान गरिएकोमा विनियोजन गरिएको थप रकम अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | विनियोजित बजेट रु. | ठेक्का आव्हान भएको रकम रु. | श्रोत व्यवस्थापन गर्नुपर्ने रकम रु. | श्रोत व्यवस्थापन शिर्षक |
|---|---|---|---|---|---|
| १ | Landscaping works at Melamchi ward no 5 office building . | २००००००।– | २४५७९६०।६० | ४५७९६०।६० | आन्तरिक अ.ल्या. |
| २ | धौले मन्दिर, सत्तल, द्धार निर्माण, Landscaping र खानेपानोको कार्य । | ७००००००।– | ११५३४४८७।३१ | ४५३४३८७।३१ | पर्यटन प्रवर्द्धन कोष |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ओखेनीचौर धौले धुसेनीचौर सडक | २००००००००।– | २९९३४२१४।८० | ९९३४२१४।८० | आन्तरिक अ.ल्या. |
| ४ | वडा नं. ३ को वडा कार्याल भवन निर्माण | १५१००००००।– | २३२१५८५०।– | ८११५८५०।– | आन्तरिक अ.ल्या. |
| ५ | गुफा चांखु सडक निर्माण | २००००००००।– | ३१६३३१५५।१६ | ११६३३१५५।१६ | आन्तरिक अ.ल्या. |
| ६ | दंगाल भोट भोटेडाँडा ठूलो खोला सडक निर्माण | २९५०००००।– | ३२४२९५५।५५ | २९२९२५।५५ | आन्तरिक अ.ल्या. |
| ७ | टार छरुवा सिंचाई योजना | ३००००००।– | ३६०५०००।४० | ६०५०००।४० | आन्तरिक अ.ल्या. |
| ८ | मानेभञ्ज्याङ्ग धुसेनीचौर सडक | ४००००००।– | ६२१६४६९।३२ | २२१६४६९।३२ | आन्तरिक अ.ल्या. |
| ९ | भुमेस्थान जानी सडक निर्माण | ३००००००।– | ३५३१७४५।४८ | ५३१७४५।४८ | आन्तरिक अ.ल्या. |
| १० | गोदाम घर निर्माण दोश्रो चरण | ४००००००।– | ६८०७९५९।९७ | २८०७९५९।९७ | आन्तरिक अ.ल्या. |
| ११ | Guard House at Gufa Danda | १२००००००।– | १६१२९१४।०२ | ४१२९१४।०२ | आन्तरिक अ.ल्या. |
| १२ | भदौरे धुसेनी मानेभञ्ज्याङ सडक सतरोन्नती | २००००००००।– | ३०६०५७८१।५३ | १०६०५७८१।५३ | आन्तरिक अ.ल्या. |

निर्णय नं. १४

मेलम्ची नगरपालिका स्थापना हुनु भन्दा अगाडि र पछाडि नियमानुसार नक्सा पास नगरीकन निर्माण गरिएका घरहरुको अभिलेखिकरण गर्नको लागि नगर कार्यपालिकाको निर्णय बमोजिम मिति २०७८ कार्तिक मसान्तसम्म समय तोकिएकोमा उक्त निर्णयलाई अनुमोदन गर्दै उक्त कार्य गर्नको लागि मिति २०७९ असार मसान्तसम्म समय थप गर्ने निर्णय गरियो।

निर्णय नं. १५

मेलम्ची नगरपालिकाको ९ औं नगर सभाबाट मेलम्ची नगरपालिका भित्रका ६० वर्ष माथिका एकल पुरुषहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने नीतिगत निर्णय गरिएकोमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रबाट संघीय कानूनले निर्देशित गरिएको लक्षित समूह बाहेक अन्य व्यक्तिहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गर्न नसकिने व्यहोरा लेखि आएको हुँदा नगर सभाबाट गरिएको उक्त नीतिगत व्यवस्था बदर गर्ने निर्णय गरियो।

निर्णय नं. १६

नगरपालिका भित्रका आम नागरिकहरुलाई सहज र शुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने क्रममा यस नगरपालिकाले सबै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवामा गर्भवती तथा सुत्केरी महिलाहरुको लागि क्याल्सियम चक्की वितरण, गर्भवती महिलाहरुको पिसाब जाँच सेवा र सम्पूर्ण बिरामीहरुको लागि टिटि खोप निशुल्क रुपमा उपलब्ध गराउने निर्णय गरियो। साथै, उक्त कार्यक्रमको लागि आवश्यक पर्ने बजेट यसै नगर सभाबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं १७

ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम संचालन समितिबाट चालु आर्थिक वर्षमा यस नगरपालिका क्षेत्रभित्र संचालन गर्ने गरी स्वीकृतको लागि पेश भएको रु २,०१,०००००।–(अक्षरेपी दुई करोड एक लाख रुपैया मात्र) को बार्षिक बजेट तथा कार्यक्रम संचालनको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं १८

मेलम्ची नगरपालिका भित्रको इन्द्रावती तथा मेलम्ची नदीबाट उत्खनन गरी बिक्री हुने ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थहरुको बिक्रीबाट प्राप्त हुने आन्तरिक राजश्व रकममध्ये बागमती प्रदेश सरकारलाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने ४० प्रतिशतले हुन आउने रकम मेलम्ची र इन्द्रावती खोलामा मिति २०७८ साल असार १ गते र सो पश्चातका आएको विध्वशंकारी बाढीबाट

क्षति भएका सार्वजनिक संरचनाहरुको पूनर्निर्माण गर्नुपर्ने विशेष परिस्थिति सिर्जना भएकाले चालु आर्थिक वर्ष २०७८/०७९ को लागि उक्त रकम बुझाउनु नपर्ने गरी आवश्यक निर्णय गर्न बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं १९

मेलम्ची नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रम संचालनको क्रममा कुनै संशोधन गर्नुपर्ने भएमा संशोधनको कार्य गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं २०

राष्ट्रिय आदीवासी जनजाती महिला महासंघद्धारा यस नगरपालिका भित्र चालु आर्थिक वर्षमा संचालन गर्ने गरी पेश भएका योजना तथा कार्यक्रम संचालनको लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं २१

नगर-नगर साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं महानगरपालिकासँग मेलम्ची वडा नं १ र २ भोटेचौर एकीकृत पर्यटन पूर्वाधार विकास कार्यक्रमको लागी यस नगरपालिकामा आएको विध्वंशकारी बाढीबाट क्षति भएका सार्वजनिक संरचनाहरुको पूर्ननिर्माण गर्नुपर्ने अवस्था सिर्जना भएको र नगरपालिकासँग सीमित श्रोत रहेको हुँदा मेलम्ची वडा नं १ भोटेचौर एकीकृत पर्यटन पूर्वाधार विकास कार्यक्रमको लागी यस नगरपालिकाको पर्यटन पूर्वाधार विकास कोषमा रहेको रकमबाट न्यूनतम रु १ करोड र काठमाडौं महानगरपालिकाको अधिकतम साझेदारी रहने गरी कार्यक्रमको स्वीकृतीको लागि काठमाडौं महानगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।